बैठक नं १०४

आज मिति २०८२ असार महिनाको १८ गते नेपाल सम्वत ११४५ दिल्लाथ्व सप्तमी बुधबारको दिन विहान ८ बजे पालुङ्टार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | रामजनम चौधरी | // | कैलाली | |

# पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
## गण्डकी प्रदेश, नेपाल

बैठक नं : १०४

मितिः २०८२/०३/१८

नेपाल सम्वतः ११४५ दिल्लाथ्व सप्तमी बुधवार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१. लेखापरिक्षण प्रतिवेदन सभामा छलफलका लागि पेश गर्ने।

२. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभामा पेश गर्ने।

३. अनुगमन समितिको प्रतिवेदन/ न्यायीक समितिको प्रतिवेदन सभामा पेश गर्ने।

४. कर्मचारी इन्धन तथा सवारी मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८२ सभा समक्ष पेश गर्ने।

५. कर्मचारी सम्मानका लागि छनोट गर्ने सम्वन्धमा।

६. विविध

# पालुङटार नगरपालिका
# नगर कार्यपालिका कार्यालय

पत्र संख्याः- ०८१/०८२ पालुङटार, गोरखा मिति :- २०८२/०३/१७

चलानी नम्बर : गण्डकी प्रदेश, नेपाल ने.सं. ११४५ दिल्लाथ्व, षष्ठी


**विषय :- पुरस्कृत गर्ने कर्मचारीको नामावली सिफारिस सम्बन्धमा ।**

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मिति :- २०८२/०३/१८ गते**

**१.संक्षिप्त व्यहोरा :**

पालुङटार नगरपालिकाबाट प्रदान गरिने सेवालाई नियम, कानूनको परिधि भित्र रही सेवाग्राही मैत्री, समायनुकुल प्रविधि मैत्री बनाई कार्यालयको कार्यसम्पादनमा उत्कृष्टता प्रदान गर्न कर्मचारीहरुलाई दक्ष तथा इमान्दार तथा अनुशासित हुन प्रेरित गर्नुका साथै सार्वजनिक सेवा लाई प्रभावकारी बनाउने दक्ष, इमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्नका लागि छनौट भएका कर्मचारीहरुको नामावली सिफारिस गर्न आवश्यक देखिन्छ ।

**२.प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :**

यस नगरपालिका अन्तरगत कार्यरत नगरपालिका कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत सबै कर्मचारीहरु (स्थायी/करार) मध्येबाट "कर्मचारीलाई प्रोत्साहन र पुरस्कृत गर्ने मापदण्ड २०८२" मा तोकिएका ११ वटा मुल्याङ्कनका आधारमा सिफारिस समितिको निर्णयबाट मुल्याङ्कन तथा सिफारिस गरी पुरस्कृत गर्नेस्वीकृत ।

**३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको सिफारिस :**

कर्मचारी "प्रोत्साहन र पुरस्कार सम्बन्धी मापदण्ड २०८२" मा तोकिएका छनौटका आधार र पालुङटार नगरपालिकाबाट प्रदान गरिने सेवालाई नियम, कानूनको परिधि भित्र रही सेवाग्राही मैत्री, समायनुकुल प्रविधिमैत्री बनाई कार्यालयको काममा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्नका लागि कार्यपालिका बैठकमा पेश गरिएको छ ।


Website: www.palungtarmun.gov.np, E-mail: palungtarmun@gmail.com

टोल फ्रि नं. १६६०६४४२००२

फोन नं. ०६४-४०००५३, ४०००९२, ४०००२

# पालुङटार नगरपालिका
# नगर कार्यपालिका कार्यालय

पत्र संख्याः-०८१/०८२

चलानी नम्बर :

पालुङटार, गोरखा

गण्डकी प्रदेश, नेपाल

मिति :- २०८२/०३/१७

ने.सं. ११४५ दिल्लाथ्व, षष्ठी


४.निर्णय हुनुपर्ने ब्यहोरा :

"कर्मचारी प्रोत्साहन र पुरस्कार सम्बन्धी मापदण्ड २०८२" को दफा ५ अनुसार पुरस्कारका सिफारिस भएका तपसिल बमोजिमका कर्मचारीहरूलाई नगर सभामा पुरस्कृत गर्ने

तपसिल :-

| क्र.सं. | नाम/थर | पद/तह | पुरस्कारको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री धनेन्द्र श्रेष्ठ | वरिष्ठ प्रशासन सहायक/पाँचौ | उत्कृष्ट स्थानीय सेवा पुरस्कार | |
| २ | श्री सुमित्रा देवी शर्मा पौडेल | सहायक प्रशासकीय अधिकृत/छैठौ | स्थानीय सेवा पुरस्कार | |
| ३ | श्री हिरामणी देवकोटा | सि.अ.हे.ब./पाँचौ | स्थानीय सेवा पुरस्कार | |
| ४ | श्री थम बहादुर थापा | का.स./श्रेणी विहिन | स्थानीय सेवा पुरस्कार | |


Website: www.palungtarmun.gov.np, E-mail: palungtarmun@gmail.com

टोल फ्रि नं. १६६०६४४२००२

फोन नं. ०६४-४०००५३, ४०००९२, ४००००२

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०३-१८ गतेको नगर कार्यापलिकाको १०४ औं बैठकमा **नगरसभाबाट पुरस्कृत गर्ने कर्मचारीको नामवली सिफारीस गर्ने सम्वन्धमा** प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०३-१८

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
गण्डकी प्रदेश, नेपाल

**विषय : पालुङ्टार नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने ।**

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मिति: २०८२-०३-१७**

१. **विषयको संक्षिप्त व्यहोरा :** सरकारी कार्यालयकोको संगठन संरचना तयार गर्न र नयाँ दरबन्दी सिर्जना गर्न वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्न हेरफेर गर्न सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ कार्यप्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य तथा उपलब्ध मानवस्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनपर्ने व्यवस्था रहेकोले ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा २, ३, ४, ५ तथा कर्मचारी समायोजन ऐन २०७४ दफा ३ को उपदफा १० साथै गण्डकी प्रदेश सरकारले जारि प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ४ बमोजिमको व्यवस्था अनुसार ।

३. **प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारिस :** नगरपालिका कार्यालयका लागि हाल स्वकृती कर्मचारीको संगठन संरचना र विद्यमान कर्मचारीको आवश्यकता विच तादम्यता कायम गरि केही कर्मचारीको पद र संस्था संसोधन गर्नु पर्ने, थप गर्नु पर्ने, साथै हटाउनु पर्ने भएकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनलाई पारित गरि कार्यान्वयन गर्नु पर्ने भएकोले ।

४. **निर्णय हुनु पर्ने व्यहोरा :** पालुङ्टार नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

<u>प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित</u>

मिति २०८२-०३-१८ गतेको नगर कार्यपालिकाको १०४ औं बैठकमा **पालुङटार नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने** सम्वन्धमा प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने।

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०३-१८

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

**विषय : पालुङटार नगरपालिकाको कर्मचारीलाई सवारी इन्धन तथा मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने सम्वन्धमा।**

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मितिः २०८२-०३-१७**

**१. विषयको संक्षिप्त व्यहोरा :**

प्रशासनीक खर्चको मितव्ययिता कायम गर्न साथै कर्मचारीहरुको मनोवल उच्च राखी सरल सहज र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने उद्देश्यका साथ यो मापदण्ड बनाउन बाञ्छनीय भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :**

पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिकाको कार्यपालिका बैठकबाट मापदण्ड पारित गरी नगर सभामा पेश गर्नका लागि प्रस्ताव पेश गरिएको।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारिस :**

यस नगरपालिका कार्यालयमा कार्यरत विभिन्न शाखा र वडाका कर्मचारीहरुलाई कार्यालयको विभिन्न काम तथा अनुगमन अवलोकन कार्यका लागि मासिक रुपमा आवश्यक अनुसारको सवारी साधन ईन्धन (पेट्रोल/ डिजेल) कुपन र आवश्यक अनुसारको सवारी साधन मर्मत खर्च उपलब्ध गराउदै आएको तथा त्यसरी वितरण गरिएको तेलका कुपनहरु समान रुपमा वितरण हुन नसकेको तथा कुपन काटेर दिनु पर्ने झन्झटिलो भएकोले मासिक रुपमा निश्चित रकम कर्मचारीहरुको खातामा नै जम्मा गर्ने गरि मापदण्ड निर्माण गर्दा पारदर्शिता हुने तथा एकरुपता समेत हुने देखिएकोले मापदण्ड बनाई सवारी साधान ईन्धन तथा मर्मत खर्च उपलब्ध गराउन मापदण्ड पारित गर्नका नगरसभामा पेश गर्नु पर्ने भएकोले।

**४. निर्णय हुनु पर्ने व्यहोरा :**

पालुङटार नगरपालिकाको कर्मचारीलाई सवारी इन्धन तथा मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने सम्वन्धमा कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश गर्न स्वीकृत गर्ने।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०३-१८ गतेको नगर कार्यापलिकाको १०४ औं बैठकमा **पालुङटार नगरपालिकाको कर्मचारीलाई सवारी इन्धन तथा मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने सम्वन्धमा** प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०३-१८